म.प. बैठक संख्या २५८/०८३ को बैठकको निर्णय

संवत् २०८३ साल असोज २५ गते बसेको सुदूरपश्चिम प्रदेश सरकार, मन्त्रिपरिषद्को २५८औं बैठकको निर्णय निम्नानुसार रहेको छ —

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय-

- सुदूरपश्चिम प्रदेश निजामती सेवा (तेस्रो संशोधन) नियमावली,२०८३ को मस्यौदा प्रदेश लोक सेवा आयोगको परामर्शका लागि पठाउने।

२. आर्थिक मामिला मन्त्रालय-

- साविकमा पेश भएको सुदूरपश्चिम प्रदेश आर्थिक विधेयक, २०८३, सुदूरपश्चिम प्रदेश विनियोजन विधेयक, २०८३, सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक वर्ष २०८३/८४ को राजस्व र व्ययको अनुमान तथा आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्य र सोसाथ पेश गर्नुपर्ने विवरणहरू प्रदेश सरकारबाट मिति २०८३/०३/०१ मा पेश भएको समयावधिले निरन्तरता पाउने गरी प्रदेश सभाबाट फिर्ता लिई मन्त्रालयबाट पुनरावलोकन सहित परिमार्जन गरिएको सुदूरपश्चिम प्रदेश आर्थिक विधेयक, २०८३, सुदूरपश्चिम प्रदेश विनियोजन विधेयक,२०८३, सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक वर्ष २०८३/८४ को राजस्व र व्ययको अनुमान तथा आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्य सुदूरपश्चिम प्रदेश सभामा पेस गर्न आर्थिक मामिला मन्त्रीलाई स्वीकृति दिने।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुदूरपश्चिम प्रदेश